# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ऐसेलुखर्क, खोटाङ
### १ नं प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशन मिति : (२०७७/१२/०४ गते)

१) यस ऐसेलुखर्क गाउँपालिकाबाट नेपाल सरकारबाट तोकिएको औषधि खरिदको लागि सिलबन्दी दरभाउपत्र(e-bidding, Sealed Quotation) आब्हान गरिएकोले इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीले रितपूर्वक दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) खरिद कार्य इलेट्रोनिक बिडिङ को माध्यमबाट मात्र गरिने भएकोले सिलबन्दी दरभाउपत्र साथ व्यवसाय दर्ताको इजाजतपत्र, (VAT/PAN) प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र नियमानुसारको तपसिलमा उल्लेखित दरभाउपत्र दस्तुर वापतका रकम रु. १००० (पछि फिर्ता नहुने गरी) ऐसेलुखर्क, खोटाङ स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. २३३०१००३०१०१०००२ [Aiselukharka GA.PA.(GA.1.1)] मा बुझाएको भौचर संलग्न गरी प्राप्त फर्म/कम्पनी आफै वा आधिकारिक प्रतिनिधि मार्फत मिति २०७७/१२/१८ गते दिनको १२:०० बजे भित्र सार्बजनिक खरिद अनुगमन कार्यालयको वेव साइट *www.bolpatra.gov.np* मार्फत खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएका सिलबन्दी दरभाउपत्र मिति २०७७/१२/१९ गते दिनको १२:०० बजे भित्र e-Submission गरिसक्नुपर्नेछ ।

४) यस ठेक्का बमोजिम सप्लाई हुने औषधि तथा सामाग्रीहरु यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेशन, WHO/GMP Certified वा नेपाल सरकारको मान्यता प्राप्त कम्पनीबाट उत्पादन भएको हुनु पर्नेछ ।

५) दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेका ऐसेलुखर्क स्थित राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. २३३०१००३०३०१०००२ [Aiselukharka GA.PA.(GA.3)Dharauti Khata] मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।

७) दर्ता (e-Submitted) हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा सिलबन्दी दरभाउपत्रदाँताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ । तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८) प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए वा प्रचलित कानुन बमोजिम हुनेछन् ।

१०) सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी कार्यालय समयमा गाउँकार्यपालिकाको कार्यालय फोन नं.०३६४११७०३, वा वेभसाइट www.aiselukharkamun.gov.np मा सम्पर्क गर्न सकिने छ।

### सिलबन्दी दरभाउपत्रको विवरण

| ठेक्का नं. | विवरण | लगत इष्टिमेट (मु.अ. कर लाग्ने सामग्री सहित) रु. | जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ARM-KH0-07/2077/78/SQ | Procurement of Medicines and Surgical Equipments | १०,८०,०००/- | २७,०००/- | १०००/- |

प्रमुख प्रशासकीय अधिकृत